म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक ३१७ बिहिबार १३ असार २०८१ ने. सं. ११४४ तछलागा 27 June 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-


मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## चट्याङ लागेर दुईजना घाइते



हेटौंडा, १२ असार/ मकवानपुरमा चट्याङ लागेर दुईजना घाइते भएका छन् । घाइते हुनेमा मनहरी गाउँपालिका-८ सिमपानीस्थित महेन्द्रकिरण माध्यमिक विद्यालयमा कक्षा ८ मा अध्यनरत १५ बर्षीया बालिका र राक्सिराङ गाउँपालिका-४ का ३५ बर्षीय टीकाराम मोक्तान रहेका छन् ।

मंगलबार दिउँसो ३ बजेतिर चट्याङ लागेर विद्यालयबाट घर फर्कदैं गरेकी १५ बर्षीयम बालिका घाइते भएकी हुन् । उनको अवस्था मध्यम रहेको र मनहरी अस्पतालमा उपचार भैरहेको प्रहरीले जनाएको छ । दिउँसो ३:३० बजेतिरको समयमा चट्याङ लागेर घाइते भएका मोक्तानको प्राथमिक स्वास्थ्यकेन्द्र राक्सिराङ लगिएको प्रहरीले जानकारी दिएको छ ।

# बागमती प्रदेशमा ५१ प्रतिशत बजेट मात्र खर्च

भानुभक्त आचार्य

हेटौंडा, १२ असार/ बागमती प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८०/८१ का लागि विनियोजन गरेको बजेटको ५१ प्रतिशत मात्र गएको जेठ महिनासम्ममा खर्च गरेको पाइएको छ ।




चालु आव सकिन एक महिना बाँकी हुँदा प्रदेश सरकारको ३२ अर्ब २९ करोड ८१ लाख ८१ हजार ४५३ रुपैयाँ अर्थात् ५१.५१ प्रतिशत खर्च भएको हो । यो समयमा भौतिक पूर्वाधार विकास मन्त्रालयको खर्च जम्मा ५३ प्रतिशत मात्र रहेको छ । सामाजिक विकास मन्त्रालयको खर्च ५४ प्रतिशत भएको छ भने वन तथा वातावरण मन्त्रालयको खर्च ५० प्रतिशत मात्रै भएको मन्त्रालयको सूचनामा देखिन्छ । स्वास्थ्य मत्रालयको बजेट खर्च जेठ मसान्तसम्ममा ५८ प्रतिशत भएको छ । श्रम रोजगार तथा यातायात मन्त्रालयको ४३ प्रतिशत खर्च भएको देखिन्छ ।

प्रदेश सरकारले चालु आवका लागि कुल ६२ अर्ब ७० करोड ९० लाख ७८ हजार रुपैयाँ बजेट विनियोजन गरेकोमा गत वैशाख मसान्तसम्ममा ४१ प्रतिशत र चैत मसान्तसम्ममा ३५ प्रतिशत भन्दा कम खर्च भएको थियो । प्रदेश सरकारले चालु आवको वैशाखसम्ममा कुल बजेटको ४१.२६ प्रतिशत अर्थात् २५ अर्ब ८७ करोड ६१ लाख १० हजार ८५३ रुपैयाँ खर्च गरेको थियो ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयको बजेट खर्च ३४ प्रतिशत भन्दा माथि जान सकेको छैन । हाम्रो उब्जाउ हुने खेत, पाखोबारी बाँझै राख्ने र भारतीय मुलुकबाट तरकारी, खाद्यान्न, फलफूल, दलहन, तेलहन सबै आयात गर्ने प्रबृत्तिको विकास भएको छ । आफ्नै उत्पादनले छाक टार्ने परिवारको संख्या न्यून बन्दै गएको अवस्थामा कृषिक्रान्तिका जति ठूला नारा लगाएपनि सरकारको कार्यक्रम प्रभावकारी बन्न सकेको छैन । कृषिप्रधान मुलुकको अवस्था परिवर्तन गर्ने भन्दा पनि भारतीय उत्पादन उपभोग गर्ने नीति अवलम्बन भएको देखिन्छ ।

पर्यटन, उद्योग तथा सहकारी मन्त्रालयको बजेट खर्च ४३ प्रतिशत मात्र प्रगति भएको देखिन्छ । आन्तरिक मामिला तथा कानून मन्त्रालयको खर्च ४० प्रतिशत मात्र भएको छ । खानेपानी, उर्जा तथा सिंचाई मन्त्रालयको खर्च ५३ प्रतिशत भएको देखिन्छ । असार लागेपछि रातारात बजेट खर्च गर्ने पुरानै प्रबृत्ति हरेक वर्ष दोहोरिने गरेको छ । समयमा गुणस्तरीय काम गर्ने भन्दा पनि वर्ष भरि चुपचाप बस्ने रअसार लागेपछि हतारहतार काम गर्ने पुरानै प्रबृत्तिबाट प्रदेश सरकार पनि अछुतो रहन सकेको छैन ।

चालु आवका लागि चालुतर्फ २६ अर्ब ४२ करोड १२ लाख ४५ हजार, पुँजीगततर्फ ३५ अर्ब ७८ करोड ७८ लाख ३३ हजार र वित्तीय व्यवस्थातर्फ ५० करोड रुपैयाँ विनियोजन गरिएको थियो । बागमती प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयले गत जेठ महिनासम्ममा पुँजीगततर्फ ५०.३१ प्रतिशत चालुतर्फ ५४.११ प्रतिशत खर्च भएको जनाएको छ । गत वैशाख महिनासम्ममा पुँजीगततर्फ ३८.३८ प्रतिशत, चालुतर्फ ४५.९५ प्रतिशत खर्च भएको थियो । बजेट खर्चमा कमजोर रहेको प्रदेश सरकारले वित्तीय व्यवस्थातर्फ विनियोजन गरिएको बजेट खर्च भएको छैन । वित्तीय व्यवस्थातर्फ विनियोजन गरिएको बजेट विगतका वर्षमा खर्च अनुसार उपलब्धि नदेखिएकाले चालु आवमा खर्च नगरिएको जनाउँदै आएको मन्त्रालयले आगामी आवमा पनि वित्तीय व्यवस्थातर्फ विनियोजन गरेको छ ।

काम सम्पन्न भएका योजनाको बिल भुक्तानी, बिल फरफारकलगायतका काम असार महिनामा पनि हुने र खर्च प्रतिशत बढ्ने मन्त्रालयको दाबी छ । समीक्षा अवधिमा मुख्यमन्त्री तथा मन्त्री परिषद्को कार्यालयको खर्च जम्माजम्मी १० प्रतिशत मात्र भएको देखिन्छ । यसो हुनुमा बजेट बनाउने र बजेट खर्च गर्ने दुबैपक्षको दोष रहेको बिज्ञहरुले बताएका छन् ।

खर्च गर्ने नसक्ने बजेट बनाउने पनि दोषी हुने र बनाएको बजेट समयमा खर्च नगरी असार लागेपछि हताहतारमा खर्च गर्ने प्रबृत्ति दुबै दोषी भएको बिज्ञहरुको टिप्पणी छ ।

# बागमतीको बजेटमा सांसदको असन्तुष्टि



साझाकुरा संवाददाता

हेटौंडा, १२ असार/ बागमती प्रदेशसभाको बैठकमा आगामी आर्थिक वर्ष २०८१/८२ का लागि प्रस्तुत बजेटमाथि सत्तापक्ष र विपक्षी सांसदले नै कटाक्ष गरेका छन् ।

बुधवारको बैठकमा सांसदहरुले बजेट सन्तुलित नभएको, व्यक्तिकेन्द्रित बजेट विनियोजन गरेको, बिचौलिया हाबी भएको भन्दै विरोध जनाएका हुन् । बुधबार बसेको प्रदेशसभा बैठकमा बजेटमाथिको छलफलमा भाग लिँदै प्रतिपक्ष र सत्तापक्षका अधिकांश सांसदले चर्को असन्तुष्टि व्यक्त गरेका हुन् । बुधबार बसेको २ वटा बैठकमा सत्तापक्षका ११ र प्रतिपक्षका २८ जना सांसदले धारणा राखेका थिए ।

सत्तारुढ दल नेकपा एकीकृत समाजवादी संसदीय दलका नेता कृष्णप्रसाद शर्मा खनालले सरकारको बजेटमा सबै सांसद असन्तुष्ट रहेको बताए । सरकारले सांसदको असन्तुष्टिका विषयको कारण खोज्नुपर्ने आवश्यकता रहेको उनले बताए । सरकारले विगत वर्षदेखि एउटै सूत्र प्रयोग गरेर काम गरिरहेको र फरक नतिजाको अपेक्षा गरिरहेको खनालको भनाइ छ ।

सरकारले नीतिगत समस्या, योजना छनोट प्रक्रियामा कमजोरी गरेको उनले औंल्याए । मन्त्री र कर्मचारीको उच्च आकांक्षाका कारण बजेटमा बिचौलियाको प्रवेश भएको उनले बताए । माओवादी केन्द्र बागमती प्रदेश अध्यक्ष सरल सहयात्री पौडेलले मौका पर्दा आफ्नो मात्र दुनो सोझ्याउनु निकृष्ट हुने टिप्पणी गरे । उनले नेतृत्वले युग बदल्ने, कर्तव्य पालन गर्ने वा परिस्थितिको सामना गरेर अघि बढ्न खोज्ने काम गर्नुपर्ने बताए ।

पौडेलले मन्त्रालयको पुनर्संरचना गर्नुपर्नेमा पनि जोड दिए । नीति तथा कार्यक्रम महत्वाकांक्षी ल्याउने अनि बजेट ५० लाख बाँड्ने काम गर्न नहुने उनको भनाइ छ । सत्ता साझेदार दल नेकपा एमालेका सांसद डा. दिनेशचन्द्र देवकोटाले सरकारका कारण संघीयता कार्यान्वयनमा चुनौती आएको बताए । बजेटको सन्दर्भमा कार्यशैली, कार्यक्षमता, अभिवृद्धिमा सरकारले चिन्तन गर्नुको साटो आफ्नो क्षेत्र केन्द्रित भएको उनको आरोप छ ।

दलका नेताहरु कुना/कुनामा बसेर बजेट आ-आफ्नो क्षेत्रमा लैजाने काम भइरहेको आरोप लगाउँदै उनले यसतर्फ सचेत हुनुपर्ने बताए । 'समग्र प्रणालीलाई हेर्दा समस्याको बीचबाट अहिलेको बजेट आएको छ । आर्थिक मन्दीका कारण राजस्व उठाउन नसकिरहेको, राष्ट्रिय पुँजी निर्माणमा चुनौती रहेको परिस्थिति छ । यस्तो अवस्थामा कस्तो बजेट ल्याउने भन्ने विषयमा सरकारले सोच्न आवश्यक थियो,' उनले भने, 'तर, हुन सकेन । यो प्रणालीलाई परिवर्तन गर्न जरुरी छ ।,'

बैठकमा एमाले सांसद कृष्णप्रसाद सापकोटाले बजेटलाई सन्तुलन गर्न नसक्दा व्यवस्थाप्रति प्रहार भइरहेको बताए । सरकारले बजेटमा भौगोलिक अवस्थालाई बेवास्ता गर्दा संघीय व्यवस्थामा चुनौती थपिएको भन्दै उनले संसदीय व्यवस्थालाई जनताप्रति जवाफदेही बनाउनु पर्ने खाँचो औंल्याए । बजेटलाई मन्त्री र पहुँचवाला सांसद केन्द्रित गरेको उनको आरोप छ ।

# मकवानपुरमा विद्यार्थीले थाले 'पार्ट टाइम जब' सेवा




साझाकुरा संवाददाता

हेटौंडा, १२ असार/ मकवानपुरको मकवानपुर बहुमुखी क्याम्पसका विद्यार्थीको समूहले 'पढ्दै, कमाउँदै' आफ्नो खर्च आफैं व्यवस्थापन गरौं भन्ने उद्देश्यले पार्टटाइम जब समन्वय समिति गठन गरेका छन् ।

बेरोजगारी समस्याले पढ्दै गरेका विद्यार्थीलाई आर्थिक समस्या भएको भन्दै उनीहरुले समिति गठन गरेर काम थालेका छन् । समितिको उद्देश्य र कामबारे जानकारी दिन हेटौंडामा आयोजित पत्रकार सम्मेलनमा समितिका अध्यक्ष सुजल टिब्रेवालले पढाइपछि बचेको समयमा विद्यार्थीले पार्ट टाइम काम गरेर आफ्नो खर्चको व्यवस्थापन गर्न सक्नेगरी आफूहरुले काम सुरु गरेको बताए ।

समितिले रोजगारीको लागि जिल्लास्थित सरकारी तथा गैरसरकारी निकायमा पत्राचार गरेको र गुगलमा फर्म खुलाएको उनले जानकारी दिए । सरकारले बनाएको मापदण्डअनुसार पार्ट टाइमको लागि प्रतिघन्टा ९५ रुपैयाँ प्राप्त हुनेगरी काम पाउने उनको भनाइ छ । ६० वटा क्याटगोरीमा फर्म खुला गरेको र फर्म खुला गरेको २४ घण्टामै १६० भन्दा धेरै विद्यार्थीले आवेदन दिएको अध्यक्ष टिब्रेवालले बताए ।

सीप र क्षमता भएर पनि बेरोजगार बस्नुपरेका विद्यार्थीलाई आफूहरुको समितिले समन्वय गरेर पार्ट टाइम जबको लागि काम गर्ने उनले बताए । समितिले समन्वय गरेबापत कुनै शुल्क नलिने उनको भनाइ छ । समितिले सरकारी तथा गैरसरकारी निकायसँग मिलेर सीपमूलक तालिमको पनि व्यवस्थापन गर्ने योजना रहेको उनले सुनाए ।

समितिका संरक्षक किशोर अर्यालले आफूहरुले गठित समिति सम्भवत: नेपालमै पहिलो रहेको दाबी गरे । कलेजमा अध्ययनरत विद्यार्थीको समूहले आफ्नो खर्चको व्यवस्थापन र सीप सिक्नेगरी गरिएको प्रयत्नलाई सबै पक्षबाट सहयोग हुने उनले विश्वास व्यक्त गरे ।

# ७ जना भीमफेदी कारागार चलान

साझाकुरा संवाददाता

हेटौंडा, १२ असार/पर्सा राष्ट्रिय निकुञ्जअन्तर्गत पर्ने मध्यवर्ती इलाकाबाट १३० किलो १५० ग्राम लागुऔषध गाँजासहित पक्राउ परेका ७ जनालाई पुर्पक्षको लागि भीमफेदी कारागार चलान गरिएको छ ।



जिल्ला अदालत मकवानपुरले प्रतिबादीलाई सिधा खान पाउने गरी पुर्पक्षको लागि भीमफेदी कारागार मकवानपुर पठाईएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । प्रहरीका अनुसार कैलाश गाउपालिका-४ धुसराङ बस्ने वर्ष २८ को बमबहादुर प्रजा, सोही स्थान बस्ने वर्ष ३१ को बीरमान प्रजा, वर्ष २७ को हरिकुमार प्रजा, वर्ष २१ को टीकाराम प्रजा, मनहरी-५ डिल्लीपुर बस्ने वर्ष ३६ को दीपक सारुमगर, मनहरीको हाँडीखोला बस्ने वर्ष ४४ को रामहरि लुईटेललाई थुनामा पठाएको हो ।

पक्राउ पर्दाको अवस्थामा नाबालक अनुमान गरी सांकेतिक नाम दिईएका वर्ष २० को सुरेश प्रजा भन्ने मंगलसिं चेपाङको हकमा २० हजार रुपैयाँ धरौटी रकम खुलेकोमा धरौटी रकम बुझाउन नसक्दा उनलाई पनि पुर्पक्षको लागि पठाईएको प्रहरीले जनाएको छ ।

## ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरु:



- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

सम्पर्क कार्यालय: सितलमहल चोकबाट ॐ हल जाने बाटोमा

प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल

के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र

हेटौंडा-५, पिप्ले, मकवानपुर

सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

## सम्पूर्ण ब्राण्डका गाडी एकै ठाउँमा सम्पूर्ण सेवासहित



- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.

हेटौंडा, चौकीटोल,

सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# पदयात्रा गर्ने संस्कार खोई ?

नेपालका पहाडी तथा हिमाली जिल्लामा रहेका पदमार्गमा पदयात्रा गर्नुको अनुभूति बेग्लै छ । युरोप, अमेरिका, अष्ट्रेलियादेखि लाखौं रुपैयाँ खर्च गरेर नेपालका पदमार्गमा पदयात्राका लागि आउने पर्यटकलाई जति महत्व छ हामीलाई त्यति महत्व छैन । हाम्रो समाजमा 'पदयात्रा कल्चर' को विकास भएको धेरै भएको छैन । दुई दसक अघिसम्म अन्नपूर्ण क्षेत्रमा पदयात्रामा जाँदा नेपालीले पनि पदयात्रा गर्छन् र ? भन्ने प्रश्न त्यहाँका होटल व्यवसायीले गरिरहेका हुन्थे । नेपाली भनेको भरिया वा गाईडको रुपमा मात्र पदयात्रामा जान्छन् भन्ने भ्रम थियो । तर, पछिल्लो एक दसकमा पदयात्रामा निस्कने नेपालीको संख्या अपाररुपमा बढेको छ । हामीसँग पदयात्रामा निस्कने संस्कारको कमी, खर्च व्यवस्थापनको समस्या, बिदा व्यवस्थापन, पदयात्रामा साथीहरुको रुची आदि कुराले पदयात्रामा समस्या छ । पछिल्ला दिनमा छोटो दुरीको पदयात्रामा जाने संस्कार भने बढ्दै गएको छ । पछिल्लो समयमा बागमती प्रदेश सरकारले रसुवा र सिन्धपाल्चोकको गोन्जालो पास, सिन्धुपाल्चोकको पाँचपोखरी सर्किट, हेलम्बुलगायत पदमार्ग खुला गरेको छ । पर्याप्त प्रचारप्रसारको कमीले गर्दा नेपालका पदमार्गमा पदयात्रा गर्ने पर्यटक खासै बढ्न सकेका छैनन् । वर्षमा एकपटक कम्तिमा ७ दिनको पदयात्रा गर्दा हाम्रो शरीर स्वस्थ्य रहन्छ भन्ने सन्देश पनि हामीले दिन सकेका छैनौं ।

पदयात्रा पनि एक प्रकारको आदत जस्तै हो । जति धेरै पदयात्रा गर्‍यो त्यत्ति धेरै उत्साह बढ्दै जान्छ । पछिल्लो समयम मकवानपुरको थाहानगरमा छोटो पदयात्रा (हाइकिङ) को प्रारम्भिक चरणको विकास हुँदै गएको पाइन्छ । बेमौसमी तर कारीखेती र सुन्दर पर्यटकीय क्षेत्रको कारण छुट्टै परिचय बनाएको मकवानपुरको उत्तरी क्षेत्रमा रहेको थाहा नगरपालिका रमणीय, प्राकृतिक र सहासिक पदयात्रा गन्तब्यको रुपमा पनि परिचित हुन थालेको छ । काठमाडौं र हेटौंडाको समदुरीमा रहेको थाहानगरमा रहेका विभिन्न पदमार्ग र ती पदमार्गमा अउने पर्यटकको संख्याले थाहानगरलाई पर्यटकीय पदमार्ग गन्तब्यको पहिचान दिन सुरु गरेको छ । नेपालको पहिलो राजमार्ग त्रिभुवन राजपथ (बाईरोड) सँग जोडिएको थाहानगरमा हालसम्म खुलेका ७ वटा पदमार्ग र त्यहाँ आउने पदयात्रीका कारण थाहानगर पर्यटकीय गन्तब्यको रुपमा विकसित हुँदै गएको स्थानीय बताउँछन् । थाहानगरको ७ वटै पर्यटकीय पदमार्गका परिकल्पना थाहानगरका युवा फोटोपत्रकार गणेश विष्ट हुन् । पर्यटकीय क्षेत्रमा घुम्न, बिभिन्न धार्मिक, सास्कृतिक, ऐतिहासिक, कृषि, रमणीय वातावरण र स्थानीय जीवनशैलीको फोटो खिचेर त्यसको प्रचारप्रसार गर्न सक्रिय बिष्ट फुर्सद हुनेबित्तिकै थाहानगरको बिभिन्न स्थानको अध्ययन, अवलोकन र प्रवर्द्धनमा पुगिहाल्छन् । बिष्टलाई स्थानीयले भरपुर साथ दिएका छन् । त्यसो त थाहा नगरपालिकाका स्थानीयले पदमार्गमा आउने पर्यटकलाई गर्ने स्वागतसत्कारका कारण पनि पदयात्री थाहानगरका पदमार्गमा पदयात्रा गर्न उत्साहित भएका छन् ।

पछिल्लो समयमा फोटो पत्रकार बिष्टलगायत युवाले परिकल्पना गरेको 'टिष्टुङ-पालुङ' पदमार्गमा काठमाडौ ह्याप्पी हाइकरका ३२ जना र स्थानीय ८ जना समेत ४० जना पदयात्रीको टोलीले पदयात्रा गरेका छन् । करिव १७ किलोमिटर लामो पदयात्रामा पदयात्रीहरु प्राकृतिक मनोरमताको साथै गाउँले जीवनशैली बुझ्दै, रमाउँदै, गाउँ, जंगल, पाखा, सिम, चौर छिचोल्दै अग्ला डाँडा उक्लदै, ओर्लर्दै यात्रा गर्नु यो पदयात्रा रुटको प्रमुख विशेषता हो । पदयात्राको क्रममा भेटिने खुकुरी पार्क, खेलमैदान, मुस्कान झरना, नर्बेढुङ्गा, चिया बगान, दमार, कुईभिर, नाँगेचुली असाध्यै रमाइलो र अदभूत रमणीय क्षेत्रहरु हुन् । टिष्टुङबाट पालुङ निस्कने यो पदमार्गको ठाउँठाउँमा भेटिने डाँडाकाँडाले प्रकृतिक भ्यूटावरको अनुभुति दिन्छ । टिष्टुङको नर्बेचोकबाट सुरु हुने यात्रा भाङखोरियामा पुगेर पालुङसँग भेट हुन्छ । सोल्टु हुँदै फाँटबजारको होमस्टे पुगेर स्थानीयपनको आभास पदयात्रीले गर्न पाउँछन् । होमस्टेमा पुग्दा 'टिष्टुङ-पालुङ'को पदयात्रा त सकिन्छ तर, 'पालुङ-आग्रा' पदमार्गको अर्को ढोका खुल्छ । फाँटबजारको यो होमस्टे क्षेत्र 'पालुङ-आग्रा' पदयात्राको बेसक्याम्प पनि हो । होमस्टेमा बास बसेर विहान पालुङगढी, गोरखनाथ, पाण्डुकेश्वर, शंखमुल त्रिवेणीधामलगायत क्षेत्रको भ्रमण गर्न पनि सकिन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ असार १४ गते शुक्रबार २८ जुन २०२४ । सप्तमी, आषाढ कृष्णपक्ष । तछलागा ११४४ ने.सं. । सूर्योदय ५:१२, सूर्यास्त ७:०२ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : मनोकांक्षा सिद्धि हुनेछ | तुला | : वस्त्र-भोजन प्राप्त हुनेछ |
| वृष | : गरेको कार्यमा सफलता मिल्नेछ | वृश्चिक | : योजना कार्यान्वयन हुनेछ |
| मिथुन | : नयाँ कार्ययोजना बन्नेछ | धनु | : व्यापार राम्रो चल्नेछ |
| कर्कट | : आकस्मिक लाभ हुनेछ | मकर | : मीठो खाने अवसर मिल्नेछ |
| सिंह | : राम्रो अवसर गुम्नेछ | कुम्भ | : घर परिवारमा मेलमिलाप हुनेछ |
| कन्या | : खर्च र दु:ख बढ्नेछ | मीन | : मनमा शङ्का बढ्नेछ |

# अध्यक्षमा माधव नेपालको निरन्तरता किन ?





✍डा.गंगालाल तुलाधर

नेकपा एकीकृत समाजवादीको १० औं राष्ट्रिय महाधिवेशनमा माधव नेपाल, झलनाथ खनाल र घनश्याम भुसाल अध्यक्षका प्रत्यासी देखिएका छन् । निर्वाचनबाट नेतृत्व चयन गर्नु लोकतान्त्रिक अभ्यास भए पनि अहिले सहमतिबाटै नेतृत्व छनोट गर्न सकेमा धेरै राम्रो हुन्छ । हामी सबैको चाहना पनि यही हो ।

अहिले कुनै एक पक्षले मात्र चाहेर सहमति हुँदैन, सबैको चाहना हुनुपर्छ । मेरो विचारमा सहमतिको बिन्दु भनेको माधव नेपाललाई नै अध्यक्षमा आगामी पाँच वर्षका लागि अनुमोदित गर्नु सबैभन्दा उत्तम हुन्छ । झलनाथलाई पनि सम्मानित नेताका रूपमा हलले अनुमोदन गर्नुपर्छ । घनश्यामजीलाई पनि व्यवस्थापन गर्न सकिन्छ । यद्यपि विद्रोही नेताको 'कपी राइट' उहाँमा छैन ।

विद्रोहका बेला घनश्यामजीसहित १० भाइ एक ठाउँमा बस्नाले आन्दोलन कमजोर भएको थियो । सुरुमा माधवलाई जुन तरिकाले उचाल्नुभयो, पछि धोका दिनुभयो । पछि एकीकृत समाजवादीबाट कलम चिह्न लिएर चुनावमा उठ्न आग्रह गर्दा समेत उहाँले मान्नु भएन । उमेरको हिसाबले हामी दुवै एउटै साल (०१८) सालका हौं । विगतमा जे-जस्तो भए पनि हामीले उहाँलाई महासचिव बनाएको हो । त्यसकारण तीन जनाबिच सहमति भएन भने चुनाव हुन्छ ।

**अध्यक्षमा माधवको निरन्तरता किन ?**

नेपाली राजनीतिमा एक हस्ती नेताका रूपमा माधव नेपाललाई लिन सकिन्छ । अनुभवसिद्ध नेतामा उहाँको जस्तो हैसियत हामी कसैको पनि छैन । पुस्तान्तरणका कुरा ल्याएर घनश्यामजीले नेतृत्व लिन खोज्नुभएको जस्तो देखिन्छ । हामी सबैको भावनालाई नेतृत्व गर्न नसके पनि पनि यसो टक्कर दिऊँ न भन्ने हिसाबले सोच्नु भएकोजस्तो लाग्छ ।

तथापि उहाँसँग धेरैपटक कुराकानी हुँदा 'माधवको विकल्पमा जान सकिँदैन, उहाँ विद्रोहको नेता हो, महाधिवेशनले विद्रोहलाई अनुमोदन गरिरहँदा स्वाभाविक रूपमा उहाँ (माधवजी)को नेतृत्वलाई पनि अनुमोदन गर्नुपर्छ' भन्नुभएको छ ।

मालेकालीन संस्थापक नेता माधव नेपाल मुलुक्लाई अप्ठ्यारो पारेको बेला समाधान दिने नेता पनि हो । चाहे त्यो ०४६ सालको आन्दोलन होस्, संविधान मस्यौदाकारका रूपमा उहाँले खेलेको भूमिका होस्, चाहे ०६२/६३ को जनक्रान्तिमा होस्, उहाँले नेतृत्वदायी भूमिका खेल्नुभएको छ ।

पार्टीभित्र गणतन्त्रको नारालाई स्थापित गर्ने सवालमा उहाँले नीतिगत रूपमा प्रस्ट पार्ने काम गर्नुभयो । एमालेमा १५ वर्ष नेतृत्व गरेको अनुभवको आधारमा पनि एक कार्यकाल उहाँको नेतृत्व आवश्यक छ । जब पार्टी (तत्कालीन एमाले)को नेतृत्व संशोधनवादी, दक्षिणपन्थी, अवसरवादी, दम्भी, घमन्डी र अन्यलाई निषेध गर्दै जाने स्थितिमा पुग्यो, एक प्रकारले निर्वाचित निरङ्कुश बन्ने स्थितिमा पुगेको अवस्थामा माधवले विद्रोहको साहसिक कदम चाल्नुभयो । दुई-दुई पटक संसद् विघटन गरेर संविधान र लोकतान्त्रिक गणतन्त्रलाई धराशायी बनाउने, सैंयतालाई धूलिसाथ पार्ने अनेक खालका षड्यन्त्र हुँदा कांग्रेसलाई समेत डोर्‍याएर सडकमा प्रतिगमनको विरुद्ध उभ्याउन सक्ने साहसी नेता उहाँ नै हो ।

यसकारण उहाँको नेतृत्वमा भएको विद्रोहको पछाडि यो महाधिवेशन हुँदैछ, यो महाधिवेशनले उहाँको नेतृत्व एक कार्यकाल अनुमोदन गर्न आवश्यक छ । यसमा सबैले साथ दिनुपर्छ । माधव नेपाल, झलनाथ खनाललाई अझै सम्मान दिन कुनै कन्जुस्याइँ नगरौं ।

माधव र झलनाथ कमरेडबिच सौहार्द्र रूपमा वार्ता भएको छ । जहाँसम्म झलनाथ कमरेडले नेतृत्व छोड्दिनँ भन्नुहुन्छ भने त्यो उहाँको कुरा हो । सहमतिमा जानका लागि कुनै एकले त्याग गर्नुपर्छ । निर्वाचनमा जाने भए पनि आत्तिने कुरा भएन । त्यस्तो अवस्थामा माधव, झलनाथ र घनश्याम सबै निर्वाचनमा जानुहुन्छ । सार्वभौम प्रतिनिधिहरूको सर्वोच्च निकाय महाधिवेशन हो । त्यहाँ विवेकको प्रयोग हुन्छ । निर्वाचनमा जाँदा स्वाभाविक रूपमा जितहार हुन्छ । त्यो सबैले मान्नुपर्छ । जित्नेले उन्माद देखाउने र हार्नेले रुँदै हिँड्ने स्थिति आउन दिनुहुँदैन । निर्वाचन निर्मम प्रक्रिया हो, त्योभन्दा सजिलो र सहज प्रक्रिया सहमति हो ।

महाधिवेशनको मुखमा जसरी झलनाथ कमरेडले समाजवादी विचार मेरो हो भन्नु खोज्नुभएको छ, त्यो भनाइमा कुनै सच्चाइ छैन । जबज पक्षधर माधव र आफू समाजवादी भन्ने ढंगले ुवीकरण कोर्न खोज्नुभएको छ भने त्यो शत प्रतिशत गलत कुरा हो । बुटवलमा भएको आठौं राष्ट्रिय महाधिवेशनले उहाँलाई अध्यक्ष बनायो । त्यतिबेला झलनाथ कमरेडले जबजसँग सम्झौता गर्नुभयो । एमालेको पाँचौं राष्ट्रिय महाधिवेशनमा जबजविरुद्ध एक प्रकारले उहाँले आगो नै ओकल्नुभएको थियो ।

आठौं महाधिवेशनमा आइपुग्दा उहाँले अध्यक्ष पदसँग सम्झौता गर्नुभएको हो । नवौं राष्ट्रिय महाधिवेशनमा आइपुग्दा राजनीतिक प्रतिवेदनमा उहाँले मार्क्सवाद, लेनिनवादपछि जबज मार्गदर्शक सिद्धान्त भन्नुभयो, क्रान्तिको कार्यक्रम भन्नुभयो । त्यतिबेला सही कुरा भन्नुभयो । त्यतिबेला मानिसकेपछि अहिले आएर फेरि त्यही पुरानो कुरामा थिएँ भन्नुमा कुनै तुक छैन ।

जहाँसम्म समाजवादको कुरा छ, हामीले विद्रोह गरी पार्टीको नाम नै समाजवादी राखेर २०७८ भदौ २ गते निर्वाचन आयोगमा पार्टी दर्ता गर्‍यौं । त्यतिबेला पार्टीको विधान, घोषणापत्र, अवधारणमा ती सबै ठाउँमा आगामी कार्यदिशा समाजवादी हो भनेर प्रस्ट लेखेका छौं ।

अबको गन्तव्य भनेको वैज्ञानिक समाजवाद हो । त्यतिबेला खनाल बिरामी भएर भारतमा हुनुहुन्थ्यो । भारत जानुअघि जारी गरेको वक्तव्यमा उहाँले विद्रोह गर्नु हुँदैन भन्ने थियो । पछि आएर समर्थन गर्नुभएको हो ।

महाधिवेशनका लागि अहिले तयार भएको राजनीतिक दस्ताबेज सर्वसम्मत दस्ताबेज हो । माधव नेपाल जबज छोडेर समाजवादमा आएको भन्नेजस्ता कुरा पनि गलत हो । जबजको सम्मान गर्ने, रक्षा गर्ने, मदन भण्डारीलाई सम्मान र आदर गर्ने कुरा हामीले कहीं नजरअन्दाज गरेका छैनौं । त्यतिबेला मदनले जबजलाई अङ्गीकार नगरेको भए सोभियत संघ र युरोपमा कम्युनिस्ट शासन ढलेको जस्तै नेपालमा पनि कम्युनिस्ट ढल्ने थियो । कम्युनिस्ट आन्दोलन बाँच्दैनथ्यो । कम्युनिस्ट आन्दोलन बचाउन एक प्रकारले सैर्ष गरेकाले नै मदनलाई नेपाली कार्ल मार्क्सका रूपमा चित्रण गरेको हो । एक युगको नै सशक्त सिद्धान्त प्रतिपादन गर्ने कामको अगुवाइ मदनले गरेका हुन् ।

२०६२/६३ को जनक्रान्ति जबजको प्रकाशमा भएको आन्दोलन हो । त्यसले पुरानो अर्धसामन्ती र अर्धपुँजीवादी समाजलाई क्रान्तिको बलबाट रूपान्तरण गर्‍यो । मुलुकबाट सामन्तवाद अन्त्य भयो । २४० वर्ष लामो राजाशाही समाप्त भयो । संघीय लोकतान्त्रिक गणतन्त्रको संविधान लेखियो । त्यतिबेला समाजको चरित्र पनि परिवर्तन भएको छ । अहिलेको समाज पुँजीवादी समाजमा रूपान्तरण भएको छ । पुँजीवादी समाजवादमा गरिने क्रान्ति भनेको समाजवादी क्रान्ति हुन्छ । त्यो समाजवादी क्रान्ति समाजवादी कार्यदिशा बोकेको पार्टीले मात्र गर्न सक्छ ।

समाजवादी कार्यदिशा अहिले नेपाली विशेषताको समाजवाद हो । नेपाली विशेषताको समाजवादी क्रान्ति क्रान्तिकारी काम हो भनिर हँदा जबज मार्गदर्शक सिद्धान्त बन्न सक्दैन । जबजको प्रकाशमा समाजवादी क्रान्ति हुन पनि सक्दैन । तर जबजले समाजलाई जुन प्रकारले योगदान गरेको छ, चाहे लोकतान्त्रिक प्रक्रियामा होस्, चाहे सामाजिक न्यायको विषयमा होस्, चाहे मानवअधिकारको सवालमा होस्, चाहे शक्ति पृथकीकरणको सवालमा होस्, चाहे पार्टीभित्र आन्तरिक लोकतन्त्रको सवालमा होस्-ती तमाम कुरामा जबजको योगदान छ । त्यो योगदान समाजवादी क्रान्तिको चरणमा पनि कायम रहन्छ ।

झलनाथको भनाइ पुरानो कोट फाल्ने हो, नयाँ कोट लगाउने हो । जबजको कामै छैन भन्ने छ । उहाँ यसको उत्पत्तिकालदेखि नै विमति राख्नुहुन्थ्यो । हामी यसको उत्पत्तिकालदेखि नै उत्साहित थियौं । जबजको झण्डा फहराएको हेर्न नचाहनेविरुद्ध हामीले सैर्ष गर्‍यौं र जित्यौं । त्यसकारण एउटा सिङ्गो कालखण्डमा योगदान गरेको जबजलाई अहिले बिर्सेर, त्यसलाई निषेध गरेर कुनै भूमिका थिएन भनेर दुत्कार्ने हो भने जबजलाई किन क्रान्तिको सिद्धान्त हो भनेको ?

एमालेसँग हाम्रो अहिले पनि विमति छ । उसले जबजलाई अतिरञ्जना गर्‍यो । आवश्यकताभन्दा बढी उचाल्यो । अहिले पनि जबजको प्रकाशमा समाजवादको कार्यदिशा एमालेले भन्छ । गलत व्याख्या गरिरहेको छ । समाजवाद प्रस्ट रूपमा भन्न सक्दैन । समाजवाद भन्ने यहाँ धेरै छन् तर साँचो अर्थमा वैज्ञानिक समाजवादलाई गन्तव्यमा अगाडि बढाउने हामी हो । महाधिवेशनले त्यो विचारलाई पारित गरिसकेपछि बुलन्दका साथ देशमा नयाँ भाइब्रेट हुन्छ । यसमा रङ्गीबिरङ्गीको कुरा गर्नु कुनै औचित्य छैन । आफूलाई पृथक् देखाउन जबरजस्त कोसिस गर्नेहरूको दुस्साहस मात्र हो । दस्ताबेजमा एकमत भइसकेपछि नेतृत्वमा एकमत बनाउन किन नहुने ? जसको विचार उसैको नेतृत्व भन्ने खालको प्रचार गर्नु भएन । यो साझा विचार र नेतृत्वको कुरा हो ।

हामीले सर्वसम्म नेतृत्वको कुरा यसकारणले गरेका हौं । सर्वसम्मत नेतृत्व बनाउने कुरा जब खण्डित हुन्छ, त्यतिबेला उत्पत्तिमै जानुपर्ने हुन्छ । उत्पत्तिको बेला समाजवादको नेतृत्व माधवले गरेका हुन् । विचारको नेता पनि उहाँ नै हुनुपर्छ ।

*(साभार: रातोपाटी)*

# राजनीतिक विचार मिल्नेसँग मोर्चाबन्दीको आवश्यकता

**हाम्रो देशको प्राकृतिक सम्पदालाई पहिचान गर्न नसक्नु र विदेशी मुद्रा यी वस्तुहरुबाट आर्जन गर्ने नीति बनाउन नसक्नु अनि कृषिप्रधान मुलुकको जमिन दुरुपयोग गरेर प्लटिङ, हाउजिङ बनाएको छ । यसरी कृषि क्षेत्रलाई अवमूल्यन गरेर कसरी कृषि उत्पादनमा वृद्धि हुन्छ ? र, कसरी उत्पादनविना महँगी नियन्त्रण हुन्छ ?**



✍ तेजकुमार कुरुम्बाङ

देशको वर्तमान अवस्था नाजुक छ । राजनीतिक अवस्था अस्थिर छ । मुलुकको अस्थिर र नाजुक अवस्था निम्तिनुमा देशको सरकार, प्रतिपक्ष र जननिर्वाचित सांसद जिम्मेवार छन् । उनीहरुकै कार्यक्षमताको अभावका कारणले देश कालो सुरुङमा फसिसकेको अवस्था छ । देशको यस्तो अवस्थामा देशभक्त, राजभक्त र जनभक्त शक्ति एकजुट हुन ढिला भइसकेको छ ।

देशको भ्रष्टाचार निवारण गर्ने निकायहरु आफैं भ्रष्टाचारमा संलग्न भएको अवस्था छ । र, अहिलेसम्म ती निकायहरु खास गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगको आयुक्त नियुक्तमै राजनीतीकरण हुने हुनाले आयुक्त भएपछि उनीहरु पनि राजनीतिमै काम गर्ने गरेको पाइन्छ ।

भ्रष्टाचार निवारणका लागि गठन भएका यस्ता संस्था निष्पक्ष र पारदर्शी बन्नुपर्छ । यदि यस्ता संस्थाहरुले पारदर्शी ढंगले काम गर्ने हो भने देशको भ्रष्टाचारमा निकै कमी आउने थियो । तर यस्तो काम भइरहेको पाइँदैन । त्यसैले भ्रष्टाचार पनि दिनानुदिन बढ्दै गएको छ । देशमा साना माछा समातिने, ठूला माछाले उन्मुक्ति पाइरहेको अवस्था छ ।

यस वर्षको बजेट होस् या गत वर्षको बजेट, बजेट विनियोजन गर्ने तौरतरिका नेपालको परिवेशअनुसार हुने गर्दैन । यो देशको अवस्था परिवर्तन गर्न चाहने पार्टीको लागि यो ढंगको बजेट स्वीकार्य छैन । राष्ट्रको बजेट प्रधानमन्त्री, विकासे मन्त्री र पहुँचवाला सांसदको आफ्नो पकेटको खर्च गरेझैं खर्च गर्ने र बजेट विनियोजन गर्ने प्रवृत्ति नै गलत छ ।

साथै कुनै पनि जिल्ला र क्षेत्रका सांसद जितेर आउनको लागि विभिन्न योजनाहरु आफ्नो मतदाताको क्षेत्रमा मात्र पार्ने कामलाई प्राथमिकता दिने गरिएको छ । त्यो सांसद पदको काम, कर्तव्य र अधिकार यसैलाई ठानिनु गलत हो । उदाहरण, त्यो सांसद चुनावी क्षेत्रभित्र कुनै पहाडको टुप्पामा जम्मा तीन घर, २० भोटका लागि त्यो ठाउँमा मोटर बाटो, बत्ती र पानीको व्यवस्था गर्छु भनेर भोट मागिएको हुन्छ । त्यो ठाउँमा जितेर आएको सांसदले उसको प्रतिबद्धताअनुसार काम गर्ने योजनाको फाइल बोकेर दौडिरहेको पाइन्छ । यो कतिसम्म जायज हो ? ती तीन घरलाई सुविधायुक्त ठाउँहरुमा व्यवस्थापन गर्ने नीति नियम बनाउनुको सट्टा यसरी राष्ट्रिय बजेटलाई दुरुपयोग गरेर सांसदहरुले बजेट विनियोजन गर्दा नै राष्ट्रिय सम्पत्तिलाई दुरुपयोग गरेको प्रमाणित हुन्छ ।

देशमा महँगी बढेको प्रमुख कारण ढुवानी सेवामा प्रयोग गरिने पेट्रोलियम पदार्थको बजारभाउ वृद्धि हुनु हो । र, यो देशका होनाहार युवाहरु दिनदिनै विदेशी रहेका छन् । खेतीपातीमा लाग्नुपर्ने युवा विदेशिएपछि कसले गर्छ खेती ? बूढाबूढीले खेती गर्न सक्दैनन् । हुन त देशका युवाहरु स्वदेशमा भरपर्दो रोजगारी नपाएर विदेशिएका हुन् । हाम्रो देशको प्राकृतिक सम्पदालाई पहिचान गर्न नसक्नु र विदेशी मुद्रा यी वस्तुहरुबाट आर्जन गर्ने नीति बनाउन नसक्नु अनि कृषिप्रधान मुलुकको जमिन दुरुपयोग गरेर प्लटिङ, हाउजिङ बनाएको छ । यसरी कृषि क्षेत्रलाई अवमूल्यन गरेर कसरी कृषि उत्पादनमा वृद्धि हुन्छ ? र, कसरी उत्पादनविना महँगी नियन्त्रण हुन्छ ?

राप्रपा नेपाल पूनर्स्थापित भएको केही समय मात्र भयो । तर हाम्रो संगठन देशव्यापीरुपमा फैलँदो अवस्थामा छ । हामी पनि आफ्नो तर्फबाट केन्द्रीय स्तरबाट संगठन विस्तार र पार्टीलाई मजबुत पार्ने क्रममा छौं । हालै जेठ ३१ र ३२ गते केन्द्रीय समितिको बैठकले देशव्यापीरुपमा संगठनलाई व्यापकता दिँदै कात्तिक महिनाभित्र गाउँपालिका र नगरपालिकामा पार्टी अधिवेशन गर्ने, मंसिर महिनाभित्र प्रदेशबाहेक केन्द्रीय निर्वाचन क्षेत्रको अधिवेशन गर्ने, पुस महिनाभित्र जिल्ला अधिवेशन गर्ने र फागुनको ७, ८ र ९ गते तीन दिन पार्टीको महाधिवेशन गर्ने निर्णय गरेको छ ।

वि.सं. २०८० भाद्र ८ गते राष्ट्रिय सभागृहबाट राजसंस्था र हिन्दुराष्ट्र कायम गर्न भनी घोषणा सभापछि राप्रपा नेपालले सडक आन्दोलन गर्दै आएको छ । यस आन्दोलनमा विचार मिल्ने सबै पार्टी र समूहको मोर्चाबन्दी बनाएर एक ठाउँ पुगिने भनेर हाम्रो पार्टीको तर्फबाट वरिष्ठ उपाध्यक्ष राजीव पराजुली संयोजक अनि उपाध्यक्ष तारा लुइँटेल र महामन्त्री राजाराम बर्तौलासमेत रहेको वार्ताटोली बनाइयो । यो वार्ताटोलीले पटक-पटक पहलकदमी गर्दा पनि यो विचार बोकेका ठूला पार्टी (राप्रपासमेत) ले व्यवस्था गरेका कारण मोर्चा बन्न नसकेको अवस्था छ । अझै पनि हामी यो मोर्चा बनाउन सक्रिय छौं र अहिलेको व्यवस्था कमजोर भएको समयलाई मध्यनजर गर्दै एकजुट भएर आन्दोलनबाटै व्यवस्था परिवर्तन गर्न सकिन्छ भन्ने कुरामा हामी विश्वस्त छौं ।

सिंगापुरलाई सिंगापुर बनाउने लिक्यान, जापानलाई जापान बनाउने मेदिइरा हुन् । यसै गरी नेपाललाई बनाउन पनि दक्ष, सक्षम र विभिन्न समयमा सरकारमा बसेर अनुभव प्राप्त व्यक्तिको आवश्यकता छ । पञ्चायती व्यवस्थामा पनि कुशल र सक्षम मन्त्री बनेका, बहुदलीय व्यवस्थामा पनि उत्तिकै निष्कलंक, कुशल व्यक्ति र गणतान्त्रिक व्यवस्था आएपछि पनि सक्रिय रहेर उपप्रधानमन्त्री, परराष्ट्रमन्त्रीको जिम्मेवारीमा रही देशको सेवा गर्ने व्यक्ति र ाप्रपा नेपालका अध्यक्ष कमल थापा हुनुहुन्छ । यति बेला जनताले सरकारमा कमल थापाको नेतृत्व खोजिरहेका छन् । उहाँ दशौंपटक मन्त्री भइसक्नुभएको भए पनि भ्रष्टाचारको नाममा भसमेत देख्नुपरेन । त्यसैले नेपाललाई बनाउन सरकारमा कमल थापाको नेतृत्व चाहिएको छ ।

त्यसो त पहिला ७० सालमा पनि राप्रपा नेपालले २५ सिट जितेकै हो । जनताले 'एक गाई एक भाइ' भनेर मन पराएकै हो । राजनीतिक आरोह-अवरोहको क्रममा कहिले कस्तो भोग्नुपर्छ, कहिले कस्तो । अहिले पनि राप्रपा नेपाल फैलँदो क्रममा छ । हाम्रो एजेन्डामा अडिग छौं । हामी हाम्रो एजेन्डा जनतालाई बुझाएर अघि बढ्ने क्रममा छौं । जसरी हामीले पहिला २५ सिट जित्यौं, आगामी दिनमा हामी त्योभन्दा राम्रो परिणाम ल्याउने गरी अघि बढिरहेका छौं । कमल थापाकै नेतृत्वले देशमा समृद्धि र विकास हुने कुरामा हामी विश्वस्त छौं ।

वर्तमान व्यवस्था परिवर्तनका लागि राप्रपा नेपालका अध्यक्ष कमल थापाको राजनीतिक दर्शनअनुसार राजसंस्था र हिन्दुराष्ट्र पुनर्वहालीका साथै प्रदेश खारेजीको एजेन्डामा विचार मिल्ने सबै पार्टी, संघसंस्था एक हुनुपर्ने समय आएको छ । यो समयलाई सदुपयोग गर्न चाँडोभन्दा चाँडो मोर्चाबन्दी गरेर सडक आन्दोलनबाटै वर्तमान व्यवस्था परिवर्तन गर्न समस्त देशवासी जागरुक हुनुपर्ने बेला आएको छ । राजा ज्ञानेन्द्रको यति बेलाको जुन सक्रियता छ, त्यो स्वाभाविक छ । राजसंस्था र हिन्दुराष्ट्र पुनर्स्थापित गर्न समस्त देशवासी सडकमा उत्रने बेला आएको छ । यसको नेतृत्व राप्रपा नेपालले गर्छ । समस्त देशवासीले साथ र सहयोग गरिदिनुहोला ।

*(साभार: नेपाल समाचार-पत्र)*

राजस्व अनुसन्धानमा विकृति :

# महानिर्देशकको नाम लिएर असुली धन्दा, अनुसन्धान न उजुरी

काठमाडौं/नेपाली कांग्रेसका सांसद रामहरि खतिवडाले मंगलबार संसदमा प्रधानमन्त्रीसँगको प्रश्नोत्तरमा एउटा गम्भीर विषय उठाए । उनले राजस्व अनुसन्धान विभागको महानिर्देशक (चक्रबहादुर बुढा)को नामबाट अर्को एउटा व्यक्ति महानिर्देशक बनेर '९७०४५४१००४' नम्बरमार्फत व्यापारीहरूलाई बिदाको दिन फोन गर्ने गरिएको दाबी गरे ।

'यति पैसा मैले डीजी (महानिर्देशक) बनाउन लगानी गरेको छु, यति पैसा तिर्नुहोस् भनेर बिचौलिया नम्बरको बाट विभिन्न डिपार्टमेन्टल स्टोरदेखि अन्य व्यापारीलाई फोन गरेर तर्साउने काम भइरहेको छ,' उनले प्रधानमन्त्रीलाई सोधे,' त्यो बिचौलिया को हो ? मैले तीन करोड रुपैयाँ खर्च गरेर डिजी बनाएको हुँ भन्छ अरे ।'

उनले राजस्व अनुसन्धान विभाग प्रधानमन्त्री कार्यालयत मातहत पर्ने भन्दै थप प्रश्न गरे, 'व्यापारी थर्काउनका लागि बिचौलियालाई प्रयोग गर्ने संस्थाको रूपमा त्यसलाई विकास नगरियोस् भनेर अनुरोध गर्न चाहन्छु ।' खतिवडाले संसदमा उठाएको यो विषयमा प्रधानमन्त्रीले संसदमा जवाफ दिन सकेनन् । तर, योसम्बन्धी सूचना त्यसअघि नै प्रधानमन्त्री कार्यालयमा पनि पुगिसकेको पाइएको छ ।

कार्यालयका एक अधिकारीका अनुसार राजस्व अनुसन्धान विभागका महानिर्देशकको नाम लिएर 'सहयोग'का नाममा फोनहरू आउने क्रम बढेको भन्दै विभिन्न उद्योगी र व्यापारीहरुले प्रधानमन्त्री कार्यालयमा जानकारी गराएका थिए । केही सञ्चार माध्यमले पनि खबर लेखिसकेका थिए ।

यस्तो असुली धन्दा कहाँबाट कसले चलाएको भन्नेबारे अनुसन्धान गर्न र रोक्न निर्देशन दिनेतर्फ कार्यालयले कुनै रुचि देखाएको थिएन । संसदमै कुरा उठेपछि भने प्रधानमन्त्री कार्यालयले बुढालाई अप्ठेरो नपर्ने गरी जवाफ त मागेको छ । तर, यो प्रकरणमा प्रधानमन्त्री कार्यालयले स्वतन्त्र अनुसन्धान गर्न चाहेको छैन ।

बरू विवादास्पद काममा मुछिंदा पनि महानिर्देशक बुढालाई पदबाट फिर्ता नगरी संरक्षण दिइएको छ । यतिसम्म कि आफू र आफू निकट बाह्य व्यक्ति नाम मुछिएको असुली धन्दा विवादमा बुढाले नै सत्यतथ्य खोज्ने जिम्मा पाएका छन् । प्रधानमन्त्री कार्यालय स्रोतका अनुसार पत्र लेखेर महानिर्देशकमा नाममा फोन गरेर पैसा मागिएकोबारे सत्यतथ्य को हो भन्ने स्पष्ट गर्न भनिएको छ । साथै कर्मचारीहरुमाथि निगरानी गर्न र बिचौलियाहरुको भूमिका निस्तेज पार्न पनि विभागलाई भनिएको छ । 'यसमा महानिर्देशकको सन्देहास्पद् भूमिका देखिएकाले जवाफ सोधेका हौं,' एक अधिकारीले भने ।






व्यापारीहरू भने बुढालाई विभागमा पठाउँदा भएको आर्थिक चलखेलकै कारण महानिर्देशकको नाममा अरु व्यक्तिले पैसा उठाउन धन्दा चलाउँदा पनि प्रधानमन्त्री कार्यालय मौन बसेको र बुढालाई फिर्ता बोलाउने निर्णय गर्न नसकेको आरोप लगाउँछन् ।

'प्रधानमन्त्रीको सचिवालय मै असुली धन्दाबारे जानकारी गराएका थियौं, तर, त्यहाँबाट कुनै एक्सन लिइएन,' एक व्यापारीले भने,'अब संसदमै विषय उठेको छ, अब त पक्कै महानिर्देशकको नाममा चलिरहेको आतंक चाहिँ बन्द होला ।'

**कसले चलायो असुली धन्दा ?**

पछिल्लो समयमा डिपार्टमेन्टल स्टोर, आयातकर्ता कम्पनी, सूचना प्रविधि सम्बद्ध कम्पनी र निर्माण कम्पनीहरुमा राजस्व छलीको अनुसन्धान र कार बाही हुने भन्दै महानिर्देशकको नाम लिएर चेतावनीसहित फोन जाने गरेको थियो ।

संसदमा खतिवडाले सार्वजनिक गरेकोफोन ९७०४५४१००४ को नम्बर 'उपेन्द्र शाही' नामका व्यक्तिले चलाउने गरेका छन् । व्यापारीलाई फोन शाहीले नै गरेका हुन् वा उनको इशारामा अन्य व्यक्तिले यो काम गरिररहेका छन् भन्ने खुलेको छैन । तर, धेरैजसो व्यापारीलाई शाहीले आफ्नो परिचय खुलेरै दिने गरेको स्रोतको दाबी छ ।

'महानिर्देशक चक्र बुढाको सालो हुँ भन्ने उहाँ (उपेन्द्र शाही)को दाबी छ,' एक व्यवसायीले भने,'विनाकारण पैसा किन दिने भनेर प्रतिप्रश्न गरेका केही व्यवसायी साथिलाई शाहीले विभागबाटै पत्र तयार गरेर पठाएका रहेछन् ।'

शाहीले सबै व्यवसायीलाई राजस्व अनुसन्धानको महानिर्देशक बनाउन ३-४ करोड लागेको खर्च उठाउने भन्दै फोन गर्ने गरेको पाइएको ती व्यवसायीले बताए ।

यो प्रकरण छताछुल्ल भएपछि शाही गायब छन् । उनको फोनमा अहिले आगमन कल निषेध छ । शाहीले पछिल्ला वर्षहरूमा विभिन्न विभाग र निकायम कर्मचारी सरूवा गरेर यस्तो असुली धन्दा चलाउन सुरू गरेको र त्यसमा उच्च तहकै व्यक्तिहरूको साठगाँठ रहेको सिंहदरबारिभत्र चर्चा छ ।

**दिइएन उजुरी, बुढा भन्छन्-परे दिन्छौं**

यस्तो विवादमा मुछिंदा पनि बिचौलिया शाहीलाई पक्राउ गरेर अनुसन्धान गर्न सरकारले रुचि देखाएको छैन । राजस्व अनुसन्धान विभागले नै प्रहरीलाई यसबारे उजुरी दिएका छैनन् । अनुसन्धान हुँदा महानिर्देशक बुढा समस्यामा पर्ने भएपछि शाहीलाई भगाउनकै लागि अहिलेसम्म प्रहरीलाई विभागले कुन जानकारी समेत दिएको छैन ।

शाहीले महानिर्देशकका नाममा असुली धन्दा चलाएको र प्रहरीमा उजुरी नदिएकोबारे संचार कर्मीले प्रश्न गर्दा महानिर्देशक बुढाले गोलमटोल जवाफ दिए । बिचौलिया शाहीले आफू तपाईंको आफन्त नै हुँ भन्ने दाबी गर्नु भएको छ नि ? भन्ने प्रश्नमा विभागका महानिर्देशक बुढाले भने, 'आफन्त हैनन्, चिनजानका र सूचनाका हिसाबले विभाग आइरहने मान्छे हुन्, त्यस्तो कुरा (असुलीबारे) सुनेपछि हामीले उहाँको कुरा सुन्ने हैन, हामीले उहाँलाई कार्यालय आउन निषेध गरेका छौं ।'

बुढाले विभागमा कार्यालयको काम र गुनासो लागि कसैलाई पनि बीचका मान्छे नचाहिने बताए । विभाग र कर्मचारीको नाममा कसैले यसोउसो भनेमा विश्वास गर्न नहुने भन्दै उनले भने,'मसँग सम्पर्क हुने उद्योगी व्यवसायीलाई यो कुरा भनेको छु । बाह्य व्यक्तिले असुली धन्दा चलाएकोबारे अनुसन्धान गराउन विभागबाट कदम नचालिएकोबारे सोध्दा महानिर्देशक बुढाले विभागले राजस्वसँग सम्बन्धित विषय हेर्ने भएकाले आफू वा विभागबारे अनुसन्धान गर्नुपर्दा छुट्टै निकायले गर्नुपर्ने बताए ।

'विभाग र महानिर्देशकको नाममा कसैले असुली धन्दा चलाएको अवस्थामा समेत पक्राउ गरेर अनुसन्धान गर्न नेपाल प्रहरीमा उजुरी किन नदिनुभएको ?' भन्ने प्रश्नमा महानिर्देशक बुढाले ,'पर्‍यो भने दिन्छौं, चिनजानका हिसावले त्यस्तो गरेको हो भने उसैको जिम्मेवारीको विषय हो ।'

'पक्राउ गरेरै अनुसन्धान गर्नुपर्ने विषय भन्ने जान्दा जान्दै मौन बसेपछि तपाईंमाथि आशंका बढ्यो नि हैन ? भन्ने अर्को प्रश्नमा महानिर्देशक बुढाले भने,'अनुसन्धान गर्नुपरे गरौंला, तर ती व्यवसायी जसलाई उहाँले फोन गरे भन्ने छ, खै उहाँहरु विभागमा आउनुभएको ? कसैले फोन आएको सूचना दिएर आपत्ति जनाउनुभएको चाहिँ छैन ।'

**स्वार्थ समूहको पञ्जामा विभाग**

पटक-पटक महानिर्देशक फेर्ने काम भइरहँदा राजस्व अनुसन्धान विभागको नेतृत्व अस्थिर बन्दै आएको छ । यसले केही स्वार्थ समूहले अनुसन्धान रोक्ने लोभ र केहीले अनुसन्धान हुने त्रास देखाएर अवैध असुली गर्नेसम्मका विकृति देखा परेका छन् ।

राजस्व विभागलाई प्रधानमन्त्री कार्यालय मातहत ल्याएपछि पटक-पटक हुने महानिर्देशक परिवर्तनका कारण विभागले राम्रोसँग अनुसन्धानको काम गर्न पाएको छैन भने विभागमा पुगेका महानिर्देशकहरू विवादमा तानिंदा फेरिने क्रम पनि रोकिएको छैन । ओली सरकारका पालामा राजस्व अनुसन्धान विभागलाई अर्थबाट तानेर प्रधानमन्त्री कार्यालय मातहतमा ल्याएपछि यसको दुरुपयोग बढ्दै गएको छ ।

राजनीतिक नेतृत्वले यो विभागलाई नाजायज ढंगले प्रयोग गर्ने क्रम बढेको निजी क्षेत्रले आरोप लगाउँदै आएको छ । त्यसमाथि पटक-पटक नेतृत्व परि वर्तनका कारण विभाग निकम्मा र भुत्ते हुँदै आएको छ ।

राजस्व चुहावटमाथि अनुसन्धान गर्ने निकायका रूपमा प्रभावकारी भूमिका निर्वाह गर्नुपर्ने विभाग पछिल्लो दिनमा राजनीतिक नेतृत्वको इसारामा चल्ने गरेको आरोप छ । व्यवसायी र राजनीतिक नेतृत्वको स्वार्थपूर्ति हुन नसक्ने भए महानिर्देशक सरुवा गरिहाल्ने प्रवृत्ति देखिएको छ ।

२३ वैशाखमा राजस्व अनुसन्धान विभागका तत्कालीन महानिर्देशक नवराज ढुंगाना १० महिनाको कार्यकाल बिताएर परराष्ट्र मन्त्रालयमा सरुवा भएपछि त्यहाँ बुढालाई पठाइएको थियो । बुढालाई विभाग पठाउनुअघि पर्यटन विभागबाट सरुवा गरेर प्रधानमन्त्री कार्यालयमा ल्याइएको थियो । ढुंगानाभन्दा अघिका महानिर्देशक रहेका नारायण सापकोटाले तीन महिना मात्रै विभागमा काम गर्न पाएका थिए ।

पछिल्लोपटक सबैभन्दा लामो सयमसम्म विभागको नेतृत्व दीर्घराज मैनालीले गरेका थिए । उनले जेठ २०७५ देखि फागुन २०७७ सम्म विभागको नेतृत्व गरेका थिए । त्यसपछि आएका रामप्रसाद आचार्य ७ महिना महानिर्देशक बने । उनीपछि प्रकाश पौडेल विभागको नेतृत्वमा आएका थिए, जो ८ महिना पनि टिक्न सकेनन् ।

असार २०७९ मा विभागमा आएका झलकराम अधिकारी चार महिनामै सरुवा भएका थिए भने कार्तिक २०७९ मा महानिर्देशक बनेका मदन दाहाल तीन महिना पनि टिक्न सकेनन् ।

माघ २०७९ विभागमा पठाइएका नारायण सापकोटालाई चार महिनामै सरकारले सरुवा गरेर प्रधानमन्त्रीका निजी सचिवका रुपमा काम गरिरहेका सहसचिव ढुंगानालाई पठाइएको थियो ।


तर, उनी पनि एक वर्ष नहुँदै सुरुवा भएपछि विभागमा माओवादी नेताहरुसँग निकट सम्बन्ध बनाएका सहसचिव बुढा पुगेका हुन् । तर, आफ्नै नाममा रकम असुली भइरहेको सूचना पाउँदा पनि नरोकेका कारण उनी विवादमा फसेका छन् ।

बुढा मंसिर २०७९मा भन्सार विभागको महानिर्देशक पनि बनेको थिए, तर, भन्सार राजस्व गिर्ने क्रम झन्-झन् बढेको र राजस्व चुहावट तीव्र भएको भन्दै २६ वैशाख २०८० उनको जिम्मेवारी खोसिएको थियो ।

*(स्रोत: अनलाइनखबर)*

# ५ वर्षपछि 'एक्लो' मार्फत फिल्ममा फर्किंदै सुरज

काठमाडौं/अभिनेता सुरज सिंह ठकुरीले ५ वर्षपछि फिल्ममा कमब्याक गर्ने भएका छन् । पछिल्लोपटक फिल्म 'सभर लभ' (सन् २०१९) मा लेखकको भूमिकामा अभिनय गरेका उनले प्रदीप शाहीको निर्देशनमा बन्न लागेको फिल्म 'एक्लो'बाट कमब्याक गर्न लागेका हुन् । मंगलबार इन्स्टाग्राममार्फत ठकुरी स्वयंले फिल्ममा आफू आबद्ध भएको जनाए । यसमा उनी काल पात्रको भूमिकामा देखिनेछन् ।






'सभर लभ'पछि सुरज टेलिभिजन कार्यक्रममा बढी व्यस्त रहे । लामो समय कान्तिपुर टेलिभिजनमा 'इट्स माई शो' चलाएका उनले 'रोडिज'को पाँचौं सिजनलाई होस्ट समेत गरेका थिए । अब भने उनी फिल्मलाई पनि प्राथमिकता दिने योजनामा छन् । सन् २०१३ मा 'कर्कस'बाट डेब्यु गरेका ठकुरीले त्यसयता 'नाइँ नभन्नू ल'को दोस्रो र तेस्रो श्रृंखला, 'जंगे' जस्ता फिल्ममा अभिनय गरेका छन् ।

आगामी भदौपछि छायांकन सुरु गर्न लागिएको 'एक्लो'मा सुरजसँगै सुनिल थापा, विजय लामा, प्रदीप खड्का, बेनिशा हमाल, दीया पुन, कविता नेपाली, एवनराज उप्रेती, बेलायती अभिनेता जेमी बेकन लगायतको पनि अभिनय रहनेछ । फिल्मले सन् २०३० सम्म एक घातक महामारीका कारण मानिसले पृथ्वी ग्रह छोड्न बाध्य भएको कथा भन्नेछ । यसलाई निर्देशक शाही स्वयंले लेखेका हुन् ।

शाइ प्रोडक्सन नेपालको ब्यानरमा निर्माण हुन लागेको फिल्ममा ह्याम्साएर एकाउन्टेनले सहकार्य गरेको छ । सन् २०२५ मा रिलिज लक्ष्य राखिएको फिल्मको कार्यकारी निर्मातामा क्षितिज सुवेदी खत्री छन् । फिल्मका लागि यतिबेला नेपालमै पहिलोपटक अन्तरिक्ष 'रकेट सुट'को निर्माण भइरहेको जानकारी प्राप्त छ । फिल्ममा 'मिथिकल एलिमेन्ट्स' पनि रहने निर्देशक शाहीले जानकारी गराए ।

# 'मोदीबेनी' पोस्टरमा हर्षित वर्षा, रेजिनाको गाउँले रुप

काठमाडौं/अगामी साउन १८ गतेदेखि प्रदर्शनमा आउने तयारीमा रहेको फिल्म 'मोदीबेनी'को दोस्रो चरणको पोस्टर सार्वजनिक गरिएको छ । एउटा मात्र पोस्टरमा फिल्मकी मुख्य अभिनेत्री वर्षा सिवाकोटी केन्द्र भागमा छिन् । यसले फिल्मको कथा उनीमै केन्द्रित रहेको बुझाउँछ । हर्षित भावमा देखिएकी उनको पहिरन हेर्दा शिक्षिकाको भूमिका हुनसक्ने अनुमान गर्न सकिन्छ ।




पोस्टरमा अभिनेत्री रेजिना उप्रेती भने दुई चुल्ठी बाटेर गाउँले युवतीको रुपमा प्रस्तुत छिन् । उनको जोडी बनेका अभिनेता दीलीप केसी घोडामा चढेर गाउँकै सम्भ्रान्त व्यक्तिको रुपमा चित्रण छन् । पोस्टरमा अभिनेताद्वय प्रवीण अतिवडा र अमर प्रताप श्रेष्ठलाई पनि स्थान दिइएको छ । 'मोदीबेनी'बाट रेजिनाले ९ वर्षपछि कमब्याक गरेकी हुन् ।

शङ्कर कोइरालाको निर्देशनमा तयार भएको फिल्ममा सरोज खनाल, कमलमणि नेपाल, जीवन भट्टराई, सरोज अर्याल, अनामिका लामिछाने, स्नेहा भट्टराई, लाबिस गर्तौला, सुब्रत आचार्य लगायतको पनि अभिनय छ । डिनेस्ट इन्टरटेनमेन्टको प्रस्तुतिमा बनेको फिल्मलाई आनन्द विक्रम क्षेत्रीले लेखेका हुन् । फिल्मको निर्माता दीलिप केसी हुन् भने सह-निर्मातामा हरि श्रेष्ठ रहेका छन् ।

पर्वत जिल्लाको मोदीबेनी क्षेत्रमा घटेको अविश्वसनीय घटनामा आधारित भएर बनेको फिल्मको कथामा त्यहाँको मात्र कथा नभई नेपालको जुनसुकै स्थानमा पनि त्यस्ता घटना भइरहेको पाइने निर्देशक कोइरालाले बताए । फिल्ममा उत्सव दाहालको डिओपी तथा भरत रेग्मीको सम्पादन छ । फिल्मले ४०/४५ वर्ष अगाडिको कथा भन्छ ।

# जसिताले कमेन्ट हटाएपछि साम्राज्ञी भन्छिन्, 'तिम्रो बकवास बन्द गर'

काठमाडौं/कान्तिपुर टेलिभिजनको 'इट्स माई शो' नामक कार्यक्रममा दिएको अभिव्यक्तिका कारण यतिबेला अभिनेत्री द्वय स्वस्तिमा खड्का र साम्राज्ञी राज्यलक्ष्मी शाहको चर्को आलोचना भइरहेको छ । उक्त अन्तर्वार्तामा उनीहरूले सञ्चालिका ओसिन सिटौलाले सोधेको प्रश्नमा अभिनेता अनमोल केसी र अभिनेत्री जसिता गुरुङको व्यक्तिगत विषय उठाएपछि ठुलो विवाद जन्मिएको छ । सामाजिक सञ्जालमा स्वस्तिमा र साम्राज्ञीमाथि अश्लील गालीगलौज समेत भइरहेको छ ।





अन्तर्वार्तामा आफ्नो व्यक्तिगत विषय उठाएको भन्दै जसिताले मङ्गलवार इन्स्टाग्राममा स्ट्याटस लेखेर आपत्ति जनाएकी थिइन् । त्यसमा स्वस्तिमा र साम्राज्ञी दुवैले कमेन्ट गर्दै माफी मागेका थिए । तर, जसिताले साम्राज्ञीको कमेन्ट भने हटाएकी छन् । आफूले माफी मागेको कमेन्ट हटाएपछि साम्राज्ञीले मङ्गलवार साँझ इन्स्टाग्राम स्टोरीमार्फत जसितालाई 'बकवास बन्द गर' भन्दै चेतावनी दिएकी छन् ।

साम्राज्ञीले फिल्म 'जेरी अन टप'बाट आना शर्मालाई हटाएको विषय ढाकछोप गर्न आफूहरूमाथि हमला भइरहेको आरोप समेत लगाएकी छन् । उनले लेखेकी छन्, 'मैले तिम्रो पोस्ट लगत्तै माफी मागेको थिएँ । तर, त्यसलाई तिमीले हटाइदियौ । यो के भइरहेको छ ? वा के मानिसहरूको ध्यान यो तथ्यबाट भड्काउने कोसिस भइरहेको कि आना शर्मालाई एक फिल्मबाट हटाइयो, ताकि अरू कसैलाई काम नमिल्न सकोस् र हामीलाई हमला गरेर त्यो आगोलाई बुझाउने कोसिस भइरहेको छ ।'

आफू सधैं महिलाको पक्षमा रहेको बताउँदै साम्राज्ञीले कार्ड हेरफेर गर्ने र मामलालाई गलत तरिकाले हल्लाउनेको पक्षमा भने आफू कहिल्यै नरहने जनाएकी छन् । उनले अन्तिममा लेखेकी छन्, 'जसिता तिम्रो यो पक्ष देखेर म स्तब्ध छु र तिमी कति तल झुक्न सक्छौ तर आफ्नो बकवास बन्द गर ।'

**अनमोलसँग नाम जोडेकोमा अश्मीले पनि जगाइन् आपत्ति**

'इट्स माई शो'मा स्वस्तिमाले अनमोलको प्रेमिका भन्दै अभिनेत्री आना शर्मा र पूर्व मिस नेपाल अश्मी श्रेष्ठको नाम लिएकी थिइन् । यस विषयमा अश्मीले आपत्ति जनाएकी छन् । उनले इन्स्टाग्राममा एक बक्तव्य जारी गर्दै लेखेकी छन्, 'भर्खरैको एउटा टक शोमा अप्रिय रूपमा प्रकट भएको घटनामा मेरो नाम अनियमित रूपमा अनावश्यक विवाद निम्त्याउने गरी फ्याँकिएको छ, जुन कुनै पनि सत्य होइन ।'

अन्तर्वार्ताको नाममा कसैको व्यक्तिगत जीवनको चर्चा गर्ने संस्कृतिलाई आफू स्पष्ट रूपमा अस्वीकार गर्ने समेत अश्मीले बताएकी छन् । होस्टले जवाफ दिन अतिथिलाई बाध्य नपारेको भए यो रोकिन सक्थ्यो भन्ने उनको बुझाई छ । उनी अगाडि लेख्छिन्, 'मलाई एक होस्टको रूपमा आफैँलाई थाहा छ कि सम्पूर्ण कार्यक्रमको फ्रेमिङमा होस्टले कति ठुलो भूमिका खेल्छ र मलाई थाहा छ यदि उनीहरूले चाहेको भए यो सजिलै नियन्त्रण गर्न सक्थे । निराधार तथ्य प्रस्तुत गर्नु र पाहुनाहरूलाई निश्चित तरिकाले बोल्न दबाब दिन टिभी शोहरूमा दबाब सिर्जना गर्नु नैतिकता विपरीत हो, जुन देख्दा अत्यन्तै दु:खदायी छ ।'

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# झलनाथले छोडे पार्टी अध्यक्षको दाबी, घनश्यामलाई समर्थन

काठमाडौं/नेकपा एकीकृत समाजवादीको नयाँ नेतृत्वमा महासचिव घनश्याम भूसाललाई अगाडि बढाउन पूर्वप्रधानमन्त्री झलनाथ खनाल सहमत भएका छन् ।

यसअघि खनालले आफै पार्टी अध्यक्षको उम्मेदवार बन्ने सार्वजनिक दावी गर्दै आएका थिए । तर बुधबार बिहान आफ्नै निवास डल्लु आएका भूसाललाई पार्टी अध्यक्ष बन्न साथ दिने खनालले सहमति दिएका हुन् । 'एकीकृत समाजवादीको नयाँ नेतृत्वमा अब घनश्याम भूसाल अगाडि बढ्नुहुन्छ । उहाँलाई नै झलनाथ खनालको साथ हुने भएको छ', छलफलमा सहभागी नेता नरेश शाहीले भने ।



सहमति अनुसार आगामी १६ असारदेखि काठमाडौंमा सुरु हुने दशौं राष्ट्रिय महाधिवेशनमा भूसाल पार्टी अध्यक्षको उम्मेदवार हुनेछन् । 'उहाँहरु दुवैले अध्यक्षको दाबी गरि रहँदा केही अप्ठ्यारो परिस्थिति बनेको थियो । अन्तत: झलनाथ खनालको उत्तराधिकारीका रुपमा घनश्याम भूसाल अगाडि बढ्ने सहमति भएको छ', खनाल निकट स्रोतले भन्यो । ती स्रोतका अनुसार भूसालले पनि खनाललाई आफू उत्तर ाधिकारीका रुपमा अगाडि बढ्ने प्रतिबद्धता गरेका छन् । तत्कालीन एमाले र २०७८ भदौमा बनेको एकीकृत समाजवादीभित्र खनाल र भूसालबीच निकटको सम्बन्ध थियो ।

तर एकीकृत समाजवादीको दशौं राष्ट्रिय महाधिवेशनमा खनाल र भूसाल दुवैले अध्यक्षको दाबी गरेका थिए । दुवै नेताका पार्टीभित्र धेरै मानिस साझा थिए । त्यसैले खनाल र भूसाललाई मिल्न दबाब थियो ।

'लामै छलफल पछि एउटा टुंगोमा पुगेका छौं । अब माधव नेपालसँग पनि कुरा हुन्छ । सकेसम्म हामी घनश्याम भूसाल सर्वसम्मत अध्यक्ष बनाउन चाहन्छौं', एक पदाधिकारीले भने, 'यो महाधिवेशनबाट हामी सर्वसम्मत रुपमा नयाँ नेतृत्वको सन्देश दिने प्रयासमा छौं ।'

तर अध्यक्ष माधवकुमार नेपालले भने फेरि पनि नेतृत्वमा निरन्तर रहन प्रयत्न गरिरहेका छन् । अध्यक्ष नेपालले सर्वसम्मति नभएर चुनाव लडेर भएपनि नेतृत्वमा रहनेगरी तयारी गरिरहेका छन् । चार दिनपछि नयाँ नेतृत्व चयन गर्नेगरी सुरु हुने महाधिवेशनमा १८ सय प्रतिनिधि सहभागी हुँदैछन् ।

*(स्रोत: अनलाइनखबर)*

# कैद कट्टा गर्न लागिएका ६२० कैदीबारे कारागार विभागले माग्यो उजुरी

काठमाडौं/कारागार व्यवस्थापन विभागले ६२० जनाको कैद कट्टा गरी रिहा गर्ने प्रक्रिया अघि बढाइएको छ ।

कैद कट्टाको सिफारिसमा परेका ६२० जनाबारे कुनै गुनासो तथा उजुरी भए ७ दिनभित्र दिन भन्दै कारागार व्यवस्थापन विभागले सार्वजनिक सूचना समेत निकालेको छ ।

व्यक्ति हत्या मुद्दामा दोषी ठहर भएका योगराज ढकाल (रिगल) लाई कैद छुट दिएपछि परेको मुद्दामा सर्वोच्च अदालतले पीडितको सहमति लिएर मात्रै कैद कट्टा गरी रिहा गर्नु भन्ने फैसला गरेकाले पहिलो पटक विभागले यस्तो सूचना निकालेको हो । विभागले रिहा गर्न लागेका ६२० कैदीबारे कुनै गुनासो, वा उजुरी भए दिन भन्दै विभागले ९ असारमा ७ दिने सूचना निकालेको छ ।

कैद कट्टा गर्न लागेकाहरुमा ५० प्रशिशत कैद भुक्तान गरेका ५८६ जना, ३ जना ज्येष्ठ नागरिक र १ भदौ २०७५ भन्दा अघि वरदात भई ४० प्रतिशत कैद भुक्तान गरेका ३१ जना गरी ६२० जना छन् । उनीहरुको नाम र कसुरको विवरणसमेत विभागले सार्वजनिक गरेको छ । १५ जेठमा गणतन्त्र दिवसको अवसरमा कैद कट्टा गरी कैदीबन्दी रिहा गरिँदै आइएको थियो । तर यस पटक गणतन्त्र दिवसमा कैदी रिहा भएका छैनन् ।

कैद कट्टासम्बन्धी नियमावली २०७६ संशोधन नभएकाले यो पटक ढिलो भएको विभागका महानिर्देशक जयनारायण आचार्यले बताए । उजुरी परि सकेपछि छानबिन गरेर गृह मन्त्रालयमा कैदीको सूची पठाइने उनले बताए । त्यसपछि गृहबाट मन्त्रिपरिषद हुँदै राष्ट्रपतिकोमा पुगेपछि कैदीको रिहाको निर्णय हुनेछ ।

यसअघिसम्म उजुरी तथा पीडित पक्षको सहमति नलिई कैद कट्टा गर्दै रिहा गरिँदै आएको थियो । तर व्यक्ति हत्यामा सजाय भुक्तान गरिरहेका रिगल रिहा भएपछि पीडित पक्षले सर्वोच्च अदालतमा रिट दायर गरेका थिए ।

*(स्रोत: अनलाइनखबर)*

